**मासिक अप्डेट**

**अक्टोबर । २०१६**

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (आत्मनिर्भर केन्द्र) जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकमा २०४९ सालमा दर्ता भएको एक सामाजिक संस्था हो । ग्रामीण समाजमा विद्यमान शोषणमूलक र अन्यायपूर्ण शक्ति सम्बन्धमा फेरबदल ल्याउनका लागि गरिब तथा पिछडिएका वर्ग विशेषगरी भूमिहीन र मोहीलाई एकीकृत गरी उनीहरुको अधिकार सुनिश्चित गर्ने उद्देश्यले स्थानीय केही उत्साही शिक्षक र युवाले २०४८ सालमा यो संस्था सुरु गरेका थिए ।

आत्मनिर्भर केन्द्र भूमिहीन तथा गरिब किसानलाई सङ्गठित र सशक्तीकृत गर्दै भूमि अधिकार प्राप्तिको आन्दोलनमा वि.सं. २०५१ सालदेखि क्रियाशील छ । यसबीच आत्मनिर्भर केन्द्रले भूमि अधिकारका पक्षमा काम गर्ने राष्ट्रिय अगुवा संस्थाको पहिचान बनाएको छ । मोहियानी हकको आन्दोलनबाट सुरु भएको यो अभियान आज भूमि तथा कृषि सुधारको सशक्त राष्ट्रिय आन्दोलन बनेको छ । यहाँसम्म आइपुग्दा भूगोलमात्र फैलिएको छैन, भूमि अधिकारका मुद्दा, बुझाइ, दृष्टिकोण, आन्दोलनमा सङ्घर्षरत र सहयोगी समुदाय, मूल्य-मान्यता आदि पक्ष पनि फैलँदै गएको छ ।

गरिबी र अन्यायको जरो भूमिको अन्यायपूर्ण वितरणले गरिब नागरिकको मानव अधिकार हनन भइरहेको छ र यसलाई न्यायोचित बनाउनुपर्छ भन्नेमा संस्थाले अविचलित यात्रा तय गरेको छ । यसरी काम गर्ने सन्दर्भमा समस्या मात्र उजागर गर्ने नभई विकल्पहरु बहसमा ल्याउने र सामर्थ्यअनुसार आफैं पनि अभ्यास गर्दै आइरहेको छ । आफ्ना लक्ष्य भेट्न अझै संस्थाको कामलाई सघन बनाउँदै लैजाने र नतिजामा केन्द्रित हुने तथा भूमि अधिकारबाट वञ्चितको जीवनमा महसुस हुने परिवर्तन स्वयम् समुदायसँगै मिलेर ल्याउने संस्थाको अठोट छ । भूमि अधिकार अभियान देशका ६० भन्दा बढी जिल्लामा फैलिएको छ ।

**अक्टोबर महिनामा गरिएका केही मुख्य कृयाकलापहरु**

८६ मोहि परिवारले जग्गा बाँडफाडको लागी निवेदन दर्ता गर्ने काम भएको छ ।



**संयुक्त पुर्जा शिविर:**
उदयपुरको जोगिदहमा लालपुर्जा भएका गाउँमञ्चका सदस्यहरुलाई सहभागी गराएर संयुक्त पुर्जा शिविर सम्पन्न गरिएको छ । संयुक्तपुर्जा सम्बन्धी डकुमेन्ट्री देखाई कार्यक्रमको थालनी गरिएको थियो । घर तथा खेतीको काममा बढि महिलाले समय दिने गरेको तर जग्गाको स्वामित्व पुरुषको नाममा मात्र हुनेगरेको, २०६७ सालमा राष्ट्रिय महिला आन्दोलन भएको र त्यो आन्दोलनले महिलाको पनि संगोलनामा गरी

जग्गाको स्वामित्वमा समावेश गर्ने कार्यबिधि बनेको लगायत बिषयमा जिल्ला संयोजक फुर्तिमान राईले सहजिकरण गर्नुभएको थियो । कार्यक्रम पछि १० जोडीले संयुक्तपुर्जा बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रममा जम्मा ४७ जनाको सहभागिता रहेको थियो ।

अक्टोबर महिनामा  जम्मा सात जोडीले संयुक्त लालपुर्जा निर्माण गरेका छन्।

**सबल घरका लागी सुरक्षित जमिन विषयक १५ दिने अभियान :** ओखलढुङ्गामा, सबल घरका लागी सरुक्षित जमिनको अभियान संचालनमा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने काम भएको छ । जग्गादर्ता कार्यविधीको विषयमा पत्रकारहरु र रेडियो कर्मीहरुसँग बसी छलफल गरि १० दिने सुचना प्रसारणको लागी स्थानीय एफ.एम र सहयात्री रेडियोसँग सम्झौता गरी सुचना प्रसारण गर्ने काम गरिएको थियो । हर्कपूर गाविसको घले गाउँ, कटुञ्जे र कुन्तादेवी गाविसमा समुदाय भेला गरी जग्गा दर्ता कार्यविधीको विषयमा छलफल र प्रशिक्षण गरी गुनासो तथा लाभाग्राही सुचिमा नाम छुट भएकाहरुको सुचना संकलन गर्ने काम गरिएको थियो । गाविसका प्राय पिडीतहरुको गुनासो संकलन गरिएको थियो । त्यस्तै, मोही बाँडफाँड र सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन बनेको जग्गादर्ता कार्यविधीको मापदण्डको विषयमा छलफल र प्रशिक्षण दिइएको थियो । उक्त अभियानमा जम्मा १५० जनाको सहभागिता रहेको थियो ।

**समंवय/सहकार्य:** बाँके र बर्दियामा मोही अधिकारका लागि जिल्ला स्तरीय सरोकारवाला निकायसंग अर्न्तक्रिया भएको छ । २०७३ असोज ६ गते मोहीयानी हक बाँडफाट हुने प्रक्रिया फुकुवा भएको ऐन राजपत्रमा प्रकाशित भएपछि सोही आधारमा जिल्लाका मोही किसानको सहजरुपमा हक स्थापित गर्न सरोकार वाला निकायको प्रतिवद्धता लिईएको हो । अन्तर्क्रियात्मक छलफल गर्दा मोही किसाहरुको पक्षमा वकालतीय तथा सन्देशमुलक सामग्रीहरु रेडियो, एफ.एमहरुमा समाचार तथा बिट न्यूज वाचन, स्थानीय पत्रपत्रिकामा सम्प्रेषण हुदा मोही किसानहरुलाई हक दावी गर्न सचेत बनाएको छ र उनीहरुको पक्षमा काम गर्न भूमि प्रशासन राजनीतिक दललाई समेत दवाव दिएको छ ।

त्यसैगरी जिल्ला भूमि अधिकार मञ्च रसुवा र आत्मनिर्भर केन्द्रको समन्वयमा कोर्डएड नेपाल, परिवर्तन नेपाल/पात्र, आवासको लागि सहयोग (लुमन्ती) र लाङटाङ क्षेत्र संरक्षण सरोकार समाज (ल्याकोस) को संयुक्त एवम् महत्वपूर्ण सहयोगमा भूकम्पबाट विस्थापित भई लहरेपौवा बोगटीटार र नौबीसे अस्थायी शिविरमा बसोबास गरिरहेका विस्थापित २८४ परिवारलाई खाद्यन्न सहयोगको लागि चामल वितरण गरियो । उक्त चामल प्रत्येक घरधुरीलाई १५ केजीको दरले वितरण गरिएको थियो ।

> महोत्तरीको खयरमारा गाविसको पानीटंकि भूमिअधिकार मञ्चका ३६ जना सदस्यहरुले देउसी भैलो कार्यक्रमद्धारा रु. १०८७५ आन्दोलनकोष जम्मागर्न सफलभएका छन् ।

**पुनर्वासका लागि निवेदन पेश:** भूकम्पका कारण विस्थापित भई रसुवा लहरेपौवा गाविस लगायतका ठाउँमा अस्थायी शिविरमा बसोबास गरिरहेका ५७७ विस्थापित परिवारले सुरक्षित बसोबासका लागि पुनर्निर्माण प्राधिकरण र जिल्ला प्रशासन कार्यालयमा निवेदन बुझाएका छन् । जिल्ला भूमिअधिकार मञ्च र आत्मनिर्भर सेवा केन्द्रको टिमले निवेदन सङ्कलन, गाविसबाट सिफारिस लिने लगायतका कार्य गरी दुवै ठाउँमा लगी बुझाउनको लागि समन्वय पनि गरेको थियो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय

कार्यालयमा निवेदन बुझाउने क्रममा माननीय सांसद् जनार्दन ढकाल, राष्ट्रिय भूमिअधिकार मञ्च, नेपालका महासचिव सरस्वती सुव्वा र आत्मनिर्भर केन्द्रका नरिराम लोहारको सहभागीता रहेको थियो ।

सो क्रममा सांसद् जनार्दन ढकालले पुनर्वास प्रक्रियामा भएको ढिलाइका कारण विस्थापितहरूले जग्गा भाडामा लिई बस्नु परेकाले उनीहरूलाई एकमुष्ठ जग्गा भाडा उपलब्ध गराउनुपर्ने बिषयमा पनि प्राधिकरणले योजना बनाउनुपर्ने माग राखेका थिए । यस्तै, जिल्ला प्रशासन कार्यालयमा स्थानीय विकास अधिकारी राजेन्द्रदेव पाण्डे लगायत मालपोत कार्यालयका प्रतिनिधिको उपस्थितीमा प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद अधिकारीलाई सबै विस्थापित परिवारको निवेदन सङ्कलन गरी पेश गरिएको थियो । निवेदन बुझ्दै प्रमुख जिल्ला अधिकारीले तिहार विदा सकिएलगत्तै जिल्लामा जग्गादर्ता समितिको बैठक बसी आवश्यक प्रक्रिया अघि बढाइने बताएका थिए ।

भूकम्पबाट घर भत्किएका तथा पुनर्निर्माणका लागि जग्गा/जमिनसँग सम्बन्धित समस्या भएका ६३ भूकम्प पीडित परिवारको स्थानीय निकायमा निवेदन पेश गर्नको लागि सहयोग गरियो ।

**अर्न्तराष्ट्रिय महिला सम्मेलनमा सहभागिताः** एकता परिषद भारतको आयोजनामा अक्टोवरमा आयोजित अर्न्तराष्ट्रिय महिला सम्मेलनमा राष्ट्रिय मञ्च तथा आत्मनिर्भर सेवा केन्द्रका ६ जना अगुवाहरु सहभागी भई अहिंसात्मक आन्दोलन तथा महिला अधिकारका बारे अनुभव तथा ज्ञान निर्माण गर्ने काम भएको छ । सम्मेलन, समुदाय भ्रमण र चलचित्र महोत्सव गरी कार्यक्रमलाई तीन खण्डमा विभाजन गरीएको थियो । अन्तराष्ट्रिय महिला सम्मेलन महाराष्ट्र जलगाउँ गान्धी रीर्सच फाउन्डेसनमा भएको थियो भने समुदाय भ्रमण चम्बल, ग्वालीएर, भोपाल र कर्टनीमा भएको थियो । त्यस्तै फिल्म महोत्सव दिल्ली कमला देवी कम्पेलक्समा भएको थियो ।



सम्मेलन, समुदाय भ्रमण र चलचित्र महोत्सवबाट भएको सिकाईहरु :

ठुला सम्मेलन कार्यक्रमको शुरुवाती कुनै दिवस पारेर गर्दा प्रभावकारी हुने रहेछ जसमा महिला सम्मेलनको उद्घाटन महात्मा गान्धी र लाल बहादुर शास्त्रीको जन्मदिन थियो जसले गर्दा जसले गर्दा अरु सहभागी र सञ्चार माध्यामको प्रयोग गर्न सजिलो भयो ।

प्रत्येक वर्ष ठुला सम्मेलन सभा गर्दा अगुवा महिला पुरुषलाई सम्मान गर्नुपर्ने रहेछ जसले गर्दा निरन्तर आन्दोलनमा उर्जा थपिने देखिन्छ । एकता परीषदले विहार, झारखन्ड ,तामीलनाडु केरेला,उडीसा, आसमका ५० जना महिलालाई सम्मान गऱ्यो र सम्मान पाउने अगुवाको सम्मेलन अगाडी नै आन्दोलनमा कहिले देखी लागेको आन्दोलनले सफलता हासील गरेको विवरण फोटो सहीत कार्यक्रम हुने हलको वरीपरी टासीएको थियो ।

हरेक कार्यक्रमको लीखित दस्तावेज मात्रै होइन दृश्यात्मक दस्तावेज (भिज्युअल) पनि आवश्यक हुदोरहेछ जसले गर्दा पढ्दा भन्दा भिडियोको रुपमा हेर्दा बढी प्रभावकारी हुने देखियो । जस्तैः जनादेश २००७ र सत्याग्रह २०१२ को भिडीयोले धेरैको मन छोएको आभाष भएको थियो ।

**डाटा व्यवस्थापन प्रणाली (DMS) तालिमः** सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाडौंको आयोजनामा दुई दिने डाटा व्यवस्थापन प्रणाली तालिम भयो । अक्टोबर २२ देखि २३ सम्म सञ्चालन भएको तालिममा ९ महिलासहित १७ जना सहभागी थिए ।

तालिमको सहजीकरण DMS डिजाइनर सफ्टवेयर इन्जिनियर पुजन भण्डारी र सुधिर खड्काले गर्नुभएको थियो ।



तालिममा बाँके, बर्दिया, दाङ, महोत्तरी, रसुवा, ओखलढुङ्गा, रौतहट, सर्लाही, सिन्धुपाल्चोक, र उदयपुरबाट कार्यालय सचिव, जिल्ला संयोजक, अभियान अधिकृत र अभियान संयोजक सहभागी हुनुभएको थियो ।

आत्मनिर्भर सेवा केन्द्रले तथ्याङ्कहरुलाई व्यवस्थित र अनलाइन प्रणालीबाट सुरक्षित राख्न र सरल रुपमा उपयोगमा ल्याउनकोलागि डाटा व्यवस्थापन प्रणालीको सुरुवात गरेको छ । यस अन्तर्गत तथ्याङ्कहरुलाई व्यस्थित रुपमा अनलाइन प्रणालीबाट व्यवस्थित गरी पठाउनको लागि सम्बन्धित जिम्मेवार व्यक्तिहरु सक्षम भएका छन्। तालिममा सहभागीहरुले व्यवहारिक अभ्यासद्धारा डाटा व्यवस्थापन प्रणाली सञ्चालनबारे ज्ञान लिएका छन् ।

**फोटो तथा भिडियोग्राफी तालिमः** केयर नेपालको आयोजनामा भक्तपुरमा २५-२७ अक्टोबर, २०१६ मा फोटो तथा भिडियोग्राफी तामिल सम्पन्न भयो । तालिममा जिल्ला भूमि अधिकार मञ्च, राष्ट्रिय भूमि अधिकार मञ्च- नेपाल, र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रबाट ७ जना सहभागी थिए । केयर नेपालले आफ्नो साझेदार संस्थाका कर्मचारीहरुमा फोटो तथा भिडियोग्राफी सम्बन्धि विषयमा क्षमता विकास गर्न गराउनको लागि तीन दिने तालिमको आयोजना गरेको थियो । तालिमको सहजीकरण केयर नेपालमा केयर डेनमार्कमार्फत इन्टर्न गर्न आउनुभएका मारिया बोल्भीले सहजीकरणमा मुख्य भूमिका निभाउनुभएको थियो । तीन दिने तालिममा पहिलो दिन फोटोग्राफी, दोस्रो दिन भिडियो ग्राफी र तेस्रो दिन क्याम्पेनिङ्ग ( अभियान) को विषयमा सहजीकरण गरिएको थियो । तालिममा मुख्यगरी फोटो र भिडियो खिच्ने तरिका सिकाइएको थियो । आफूसँग भएको क्यामेरा तथा मोवाइलबाटै भएपनि कसरी गुणस्तरीय फोटो तथा भिडियो क्लिप्सहरु खिच्न सकिन्छ भन्ने विषयमा विभिन्न टिप्सहरु सिकाइएको थियो । साथै यसबारेमा अभ्यास पनि गराइएको थियो ।




**जिविकोपार्जन कार्यक्रम अर्न्तगत आलु, प्याज तथा गोलभेडा खेतीको प्रभाव अध्ययन सम्पन्नः** व्यवसायिक रूपमा आलु, प्याज, गोलभेडा खेती गरेका किसानहरूको नमुना छनोट विधिबाट १० प्रतिशत घरधुरीम प्रभाव अध्ययन (Impact study) को काम सम्पन्न गरिएको छ । सहयोगी संस्था वर्ल्ड जेविस रिलिफका जीविकोपार्जन कार्यक्रम व्यवस्थापक ताकेश इकेदाले तयार गर्नुभएको फर्मेट अनुसार फिल्डबाट सूचना

सङ्कलन गरी प्रभाव अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त नतिजा अनुसार सहयोगी संस्था वर्ल्ड जेविस रिलिफमा वार्षिक प्रगती प्रतिवेदन तयार गरी पठाइएको थियो । अध्ययन अनुसार छनोट भएका किसानहरूले व्यवसाय सुरु गरेका छन् । उत्पादन भएको तरकारी बिक्री गरी आम्दानी भएको रकमले किसानहरूले ५८ प्रतिशत खाद्यान्न, ३० प्रतिशत शिक्षामा, १२ प्रतिशतले आफूले लिएको ऋण फिर्ता गर्न, ३९ प्रतिशतले बचत गरेको र जसमध्ये २४ प्रतिशतले नयाँ घर बनाउको लागिखर्च गरिने बताएका थिए । अध्ययनअनुसार किसानहरूले अहिले गरिएको जति परिमाणमा तरकारी खेतीपहिले कहिल्यै नगरिएको यो नै पहिलो पटक भएको बताएका थिए भने यसबाट उनीहरूलाई धेरै सिकाइ भएको र थप हौसला पनि मिलेको बताएका थिए ।

**योजना संक्षप । नोवेम्बर**

- संयुक्त लालपूर्जा अभियान र पुर्जा निर्माणमा सहयोग ।
- मोही किसानवाट मोही जग्गा वाँडफाँटको लागि भूमिसुधार कार्यालयमा निवेदन पेश गर्ने ।
- आल, लसुन, काउली र प्याज खेती गर्ने किसानहरूलाई सहयोग ।
- आवास पुन निर्माण सँगै जग्गा दर्ता अभियान ( निरन्तर) ।
- उद्यमशीलता तालिम सञ्चालन गर्ने ।